नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर।
मितिः- २०८३/०४/१९

**प्रेस विज्ञप्ति**

राजस्व अनुसन्धान विभागले राजस्व चुहावट सम्बन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी जानकी केवल इण्डस्ट्री लि. (स्थायी लेखा नं. ६०९५५२१९१) र सोका सञ्चालक लालबाबु झाको श्रीमती महोत्तरी जिल्ला पिपरा गा.पा. वडा नं.१ बस्ने वर्ष ६९ को प्रमिला देवी झा, कमला कान्त झाको नाती, लाल बाबु झाको छोरा धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं ५ बस्ने वर्ष ४३ को राकेश कुमार झा र कमला कान्त झाको नाती, लाल बाबु झाको छोरा धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं ५ बस्ने वर्ष ४५ को संजय कुमार झा, एभरेष्ट वाएर इन्डष्ट्री प्रा.लि. (स्थायी लेखा नं. ६०९७५०८६३) र सोका सञ्चालक गोपाल महतो कोइरीको छोरी, दिनेश कुमार महतोको श्रीमती महोत्तरी जिल्ला भंगाहा गा.पा. वडा नं.४ बस्ने वर्ष ३३ को अन्जु देवी र अल्फा वायर प्रा.लि. (स्थायी लेखा नं. ६०६७१०६५३) र सोका सञ्चालक देव सुन्दर महतोको छोरा महोत्तरी जिल्ला भंगाहा गा.पा. वडा नं.४ बस्ने वर्ष ४२ को दिनेश कुमार महतो गरी ३ वटा फर्म र सो फर्महरुका सञ्चालकहरु ५ जना विरुद्ध सम्मानित ललितपुर जिल्ला अदालतमा मिति २०८३/०४/१८ मा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम अभियोगपत्र दायर गरिएको छ।

निज फर्म तथा सोका सञ्चालकहरुले आ.व. २०७९/०८० मा वास्तविक रुपमा कारोवार एवं बस्तु तथा सेवाको हस्तान्तरण नगरी नक्कली बिजक खडा गरी बिल विजकको मात्र कारोवार गरेको देखाई प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई तिर्नु/बुझाउनुपर्ने राजस्व रकम नतिरी/नबुझाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा जानकी केवल इण्डस्ट्री लि. तथा सोका सञ्चालकहरुतर्फ मूल्य अभिवृद्धि कर र आयकरतर्फसमेत गरी जम्मा बिगो रकम रु. ३४,६४,५६,०००।- (अक्षरेपी चौतिस करोड चौसठ्ठी लाख छपन्न हजार रुपैयाँ मात्र), एभरेष्ट वाएर इन्डष्ट्री प्रा.लि. र सोका सञ्चालकहरुतर्फ मूल्य अभिवृद्धि करतर्फ जम्मा बिगो रकम रु. १७,३५,८७,८६५।- (अक्षरेपी सत्र करोड पैतिस लाख सतासी हजार आठ सय पैसठ्ठी रुपैयाँ मात्र) र अल्फा वायर प्रा.लि. र सोका सञ्चालकहरुतर्फ मूल्य अभिवृद्धि करतर्फ जम्मा बिगो रकम रु. ३१,९७,९०,१५१।- (अक्षरेपी एकतीस करोड सन्तानव्वे लाख नब्बे हजार एक सय एकाउन्न रुपैयाँ मात्र) गरी कुल बिगो रु. ८३,९८,३४,०१६।- (अक्षरेपी त्रियासी करोड अन्ठानब्बे लाख चौतिस हजार सोह्र रुपैयाँ मात्र) र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम शत प्रतिशत जरिवाना समेत गरी जम्मा रकम रु. १,६७,९६,६८,०३२/- (अक्षरेपी एक अर्व सतसठ्ठी करोड छ्यानब्बे लाख अठ्सठ्ठी हजार बत्तिस रुपैयाँ मात्र) तथा ऐ.ऐनको दफा २३ को उपदफा (१)(घ) बमोजिम कैद सजाय र अपराध पिडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्कवापतको रकम भराई पाउन समेतको मागदावी लिई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम मिति २०८३/०४/१८ गते सम्मानित ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरसमक्ष अभियोगपत्र दायर गरिएको छ।

मिति २०८३/०४/१९ गते मंगलबार।

निर्देशक